जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २३० २०८१ साल बैशाख ५ गते बुधबार (17 Apr. 2024 Wednesday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : वर्षान्त २०८०: नेपाल र जलवायुको. ३ पृष्ठमा : जरिवाना तिर्न ट्राफिक कार्यालय ... ३ पृष्ठमाइजराइल आक्रमणपछि ...

# प्रतिष्ठानद्वारा क्रिकेटलाई निरन्तरता, बैशाख ५ देखी प्रतियोगिता हुने




**दैनिक समाचारदाता**
**राजविराज, ४ वैशाख ।**

क्रिकेट विकास प्रतिष्ठान राजविराज सप्तरीले गठन भएको पाँच वर्षदेखि लगातार क्रिकेट प्रतियोगितको आयोजना गर्दै आएको छ। मंगलबार पत्रकार सम्मेलनमार्फत यस पटक पनि सोही प्रतियोगितालाई निरन्तरता दिने जनाएको छ।

आयोजित पत्रकार सम्मेलनमा प्रतिष्ठानका अध्यक्ष ई. इन्द्रनारायण देवले बैशाख ५ गते जिल्लाका ९ क्लब सम्मिलित क्रिकेट प्रतियोगिता आयोजना हुने जानकारी दिएका छन्।

सो प्रतियोगितामा जिल्लाको युथ एकेडेमी राजविराज, सबल नेपाल, राजदेवी राइजिङ्ग क्लब, तिलाठी कोइलाडी क्लब, कंचनरुप रुपनगर क्रिकेट क्लब, रुपनी राइडर्स, बजाज खडक यङ एलेवन, माँ काली छिन्नमस्ता क्लब र वाईइसी विरपुर क्रिकेट क्लब गरी कुल ९ टिमको सहभागिता रहने उनले बताए।

प्रतियोगिताको वार्षिक कार्यक्रम अन्तर्गत राजविराज नगरपालिका तथा सप्तरी क्रिकेट संघसँग समन्वय गरेर बैशाख ५ गते देखी १२ गते सम्म जिल्लाका क्लबहरुलाई समेटेर क्रिकेट प्रतियोगिता आयोजना गर्न लागिएको उनको भनाई छ।

युवाहरुलाई कुलतबाट जोगाउन तथा उनीहरुलाई खेलको माध्यमबाट असल नागरीक बनाउने उद्देश्यले प्रतियोगिताको आयोजना गर्दै आएको बताउँदै उनले यसबाट नयाँ नयाँ प्रतिभावान खेलाडीको उदय हुने विश्वास समेत गरे।

जिल्लामा क्रिकेट खेलको विकासका लागी हामी निरन्तर प्रतियोगिता गर्दै आए पनि स्थानीय, प्रदेश र संघिय सरकारहरुबाट अपेक्षा गरे अनुसारको सहयोग पाउन नसकेको भन्दै उनले यसतर्फ तीन वटै तहका सरकारको पनि चासो उत्तिकै जरुरी रहेको बताए।

राजविराजस्थित पब्लिक विन्देश्वरी माध्यमिक विद्यालयको खेलमैदानमा लिग कम नक आउट प्रणालीको आधारमा टि-ट्वाइन्टी कप क्रिकेट प्रतियोगिता संचालन हुने प्रतियोगितामा प्रथम हुने टिमले ट्रफी, प्रमाण पत्र र नगद २५ हजार तथा दोश्रो हुनेले ट्रफी, प्रमाण पत्र र १५ हजार नगद पुरस्कार पाउने जनाइएको छ।

प्रतियोगितको पाँचौ संस्करणमा वेस्ट बलर, वेस्ट ब्याटसम्यान, म्यान अफ द सिरीज लगायतका विद्यामा पनि पुरस्कारको व्यवस्था मिलाइएको प्रतिष्ठानका सचिव भोगेन्द्र चौधरीले जानकारी दिए।

# पुनः पेट्रोल, डिजेल र मट्टितेलको मूल्य बढ्यो

**दैनिक समाचारदाता**
**राजविराज, ४ वैशाख ।**

नेपाल आयल निगम लिमिटेडले पुनः पेट्रोल, डिजेल र मट्टितेलमा प्रति लिटर तीन रुपैयाँले मूल्य वृद्धि गरेको छ।

मंगलबार बिहानदेखि कायम हुने गरी पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि भएको निगमले जनाएको छ।

इण्डियन आयल कर्पोरेशनबाट प्राप्त नयाँ खरीद मूल्य अनुसार पेट्रोलियम पदार्थकोप्रति लिटर दुई रुपैया ९६ पैसा र डिजेलको प्रतिलिटर तीन रुपैया ४६ पैसा मूल्य बढेको हो। नयाँ खुद्रा मूल्य अनुसार पेट्रोलप्रति लिटर रुपैयाँ एक सय ७८, डिजेल र मट्टितेल प्रतिलिटर रुपैयाँ एक सय ६१ पुगेको छ।

पहिलो वर्गअन्र्तगतको चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्जका लागि पेट्रोलको मूल्य एक सय ७५ रुपैयाँ ५० पैसा तोकिएको छ।

यस्तै दोस्रो वर्ग अर्न्तगतको सुर्खेत र दाङ्का लागि एक सय ७७ रुपैयाँ मूल्य रहेको छ भने तेस्रो वर्गअर्न्तगतको काठमाडौं, पोखरा र दिपायलका लागि पेट्रोलको मूल्य एक सय ६१ रुपैयाँ कायम गरिएको छ।

# लोसपा मधेश प्रदेश सरकारबाट बाहिरियो

**दैनिक समाचारदाता**
**राजविराज, ४ वैशाख ।**

मधेश प्रदेश सरकारबाट लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बाहिरिएको छ। मंगलबार बसेको लोसपाको संसदीय दलको बैठकले सरकारबाट बाहिरिने र मुख्यमन्त्री सरोजकुमार यादवलाई विश्वासको मतसमेत नदिने निर्णय गरेको हो।

मंगलबारै लोसपाका वन

*बाँकी अन्तिम पृष्ठमा*

# मधेश प्रदेशसभामा विवाद, कुर्सी, माइक र सीसीटीभी क्यामरा पनि तोडफोड

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ४ बैशाख ।**

मधेस प्रदेश सभामा विवाद भएको छ। १० मिनेटको लागि स्थगित प्रदेशसभा ५ घन्टापछि सुरु हुँदा हानाहान भएको हो। यस्तै कुर्सी तोडफोड, माइक र सीसीटीभी क्यामरामा पनि तोडफोड भएको छ।

मंगलबार पहिलो पटक १० मिनेटका लागि संसद स्थगित भएपछि त्यसको झण्डै ५ घन्टापछि सुरु भएको सदन सुरु भएलगत्तै जनमत पार्टीले पुनः अवरोध सृजना गरेको थियो। आफ्ना माग सम्बोधन नभएको भन्दै जनमत पार्टीले दोस्रो पटक सदन अवरोध गरेपछि विवाद भएको हो।

जनमत पार्टीले सदन अवरोध गरेको बेला मुख्यमन्त्री सरोज कुमार यादवले जबरजस्ती प्रस्ताव पेस गर्न लाग्दा विवाद भएको प्रदेश सांसद श्याम पटेलले बताए।

सोही बिच मुख्यमन्त्रीले जबरजस्ती प्रस्ताव पेस गर्न खोजेपछि जनमत पार्टीसहित कांग्रेसले विरोध जनायो। त्यही बेला तानातान मात्रै होइन, हातपातसमेत भयो।

विश्वासको मत लिनका लागि सुरु भएको बैठकमा जनमत पार्टीले राजविराजको कृषि विश्वविद्यालयमा भएको घटनाको लागि छानबिन गठनको माग गरेको थियो।

# १५ महिनामा तीनपटक विश्वासको मत लिनु विडम्बना : प्रधानमन्त्री

**दैनिक समाचारदाता**
**काठमाडौं ४ बैशाख ।**

प्रधानमन्त्री पुष्पकमल दाहालले १५ महिना भित्र तीन पटक विश्वासको मत लिनु विडम्बनाको विषय भएको बताएका छन्। मंगलवार काठमाडौंमा भएको एक कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन्।

प्रधानमन्त्री दाहालले आफूले केही दिनअघि मात्रै तेस्रो पटक विश्वासको मत लिएको उल्लेख गर्दै १५ महिना भित्र तीन पटक

*बाँकी अन्तिम पृष्ठमा*

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

Wisdom School
Rajbiraj 2, (Near Rajdevi Mandir)
**Play Group to Class 9**
**"गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता"**

**हाम्रो विशेषताहरु**

- दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ।
- कम्प्युटर ल्याबको व्यवस्था भएको।
- विज्ञान प्रयोगशालाको व्यवस्था भएको।
- CC Camera को निगरानीमा पठनपाठन गराइन्छ।
- Monthly Test को व्यवस्था भएको।

**सम्पर्क फोन नं. ०३१-५९०१९२**
**मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)**
**मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१**

लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरण गरौं

- लोकतन्त्रको संरक्षण र प्रवर्द्धनमा हातेमालो गरौं।
- राज्यलाई जनताप्रति उत्तरदायी बनाउन खबरदारी गरौं।
- कानुनी शासन सुनिश्चित गरौं।
- व्यक्तिगत स्वतन्त्रता र मानवाधिकारको सम्मान गरौं।
- लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढीकरणमा योगदान गरौं।
- संविधान र कानूनको पालना गरी नागरिकको कर्तव्य निर्वाह गरौं।
- लोकतन्त्र दिवस भव्य र सभ्य रुपमा मनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### विकासका लागि सकारात्मक सोच आवश्यक

विकाससँग सरोकार राख्ने कुनै पनि कार्यमा जनता नै सर्वपरी हुन्छ । तर, जनताले नै आफ्नो अधिकार सदुपयोग गर्न नसक्दा विकासीय कार्यहरु प्रभावित हुने गरेको छ । विकासको नाममा जताभावी रुपमा बजेटको दुरुपयोग भइरहदा जनताले त्यसलाई खबरदारी गर्न नसक्दा सही उपयोग हुनसकेको छैन् । विकास भन्ने शब्द यस्तो पाटो हो जसले समाजको भौतिक रुपलाई सुन्दर बनाउछ । जुन सबै जनताको पहिलो चाहना र काम गर्ने नेताको पहिलो प्राथमिकतामा पर्दछ ।

भ्रष्टाचार गर्नु कानुन विपरीत कार्य तथा जनताको चहानामाथी कुठाराघात गर्नु हो । समाजमा परिवर्तन ल्याउनु छ भने सबै भन्दा पहिले विकास अनिवार्य हुनुपर्छ । अहिले कुनै-कुनै स्थानमा त विकासको नाममा ब्रहमलुट नै मचेको छ । त केही प्रतिशतमा विकास भने भएको छ । जुन सह्रानिय कार्य हो । विकासका लागि जनप्रतिनिधिहरुको सकारात्मक कदम, जनताको साथ र सहज वातावरण आवश्यक पर्दछ । यी तीनै कुरा मिल्न सके मात्र विकास सम्भव छ । होइन भने जति चाहे पनि विकास हुदैन् ।

सप्तरी जिल्ला विकासको पर्खाईमा दशकौंदेखी भौतारिदै छ । विगतका पाँच वर्षमा जिल्लामा विकास त भयो तर उपलब्धीमूलक भएन् । विकासको सुरुवात भयो, सम्पन्न हुन सकिरहेको छैन् । तसर्थ कुनै पनि स्थानको विकासका लागि सकारात्मक सोच आवश्यक पर्नुका साथै जनताको हस्तक्षेप समेत अनिवार्य हुन्छ । जसले गर्दा जनताको चाहना अनुसार विकासले गति लिन्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# वर्षान्त २०८०: नेपाल र जलवायुको बढी चर्चा भएको वर्ष

**प्रगति ढकाल**

काठमाडौँ, ४ वैशाख (रासस) ।

युनाइटेड अरब इमिरेट्स (युएई)को दुबईमा संयुक्त राष्ट्र सङ्घीय जलवायु परिवर्तनसम्बन्धी संरचना महासन्धि (युएनएफसिसिसी)का पक्ष राष्ट्रहरूको २८औँ सम्मेलनमा नेपालले पनि चर्चा पायो । गत नोभेम्बर ३० देखि डिसेम्बर १२ सम्म चलेको सम्मेलनमा भाग लिन नेपालका तर्फबाट प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको टोली त्यहाँ पुगेको थियो ।

'वर्ल्ड क्लाइमेट एक्सन समिट'को उद्घाटन सत्रमा सम्बोधन गर्नुभएका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनिओ गुटेरेसले जलवायु परिवर्तनका कारण नेपालमा परेको प्रभावको चर्चा गर्नुभयो । उहाँले भन्नुभयो, "म केही समयअघि मात्रै नेपाल भ्रमणमा थिए । नेपालका पग्लिरहेका हिमाललाई मैले नजिकबाट साक्षात्कार गर्न पाएँ । नेपालका हिमालमा जस्तै समस्या एन्टार्टिकामा पनि छ । यी दुवै क्षेत्र भूगोलका हिसाबले टाढा छन् तर जलवायुको हिसाबले समान सङ्कटमा छन् ।"

उहाँले नेपालको नाम लिँदै विश्वमा पछिल्लो समय बढ्दै गइरहेको तापमानका कारण हिमाल पग्लिरहेको उल्लेख गर्नुभयो । नेपाल भ्रमणका क्रममा सगरमाथा र अन्नपूर्ण आधार क्षेत्रलाई नजिकबाट नियाल्नुभएका उहाँले हिमालमा परेको जलवायु परिवर्तनबारे विश्व समुदायसामु खुलेकै राख्नुभयो ।

उहाँको सम्बोधनपछि नेपाल लामो समयदेखि उठान गर्न खोजिरहेको र भोगिरहेको समस्यामा विश्वको ध्यानाकर्षण भयो । झन्डै एक सय ९२ देशका उच्चस्तरीय व्यक्तित्व, राजनीतिक दल र सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधि, जलावायुविद् तथा पत्रकारलगायतको उल्लेख्य उपस्थितिमा जलवायु परिवर्तनले नेपालका विभिन्न क्षेत्रमा पारेको असरको चर्चा पायो ।

सोही अवसरमा प्रधानमन्त्री दाहलले महासचिव गुटेरेसको अभिव्यक्तिले जलवायुको सङ्कट सम्बोधनमा सहयोग पुग्नेमा विश्वास व्यक्त गर्नुभयो । गुटेरेसले विश्वस्तरमा नेपालको चर्चा मात्रै गर्नुभएन जलवायु सङ्कटको विषय महत्वका साथ उठान गरेर जलवायु न्यायका लागि नेपालका तर्फबाट पनि आवाज उठाउनुभएको थियो । यसले चर्चा र परिचर्चाका साथै आगामी रणनीति बनाउन सहयोग पुग्ने छ ।

महासचिव गुटेरेसले नेपाल भ्रमणमा रहेको बेलामा हिमालयबाट बगेका नदीहरूले एक अर्बभन्दा बढी मानिसलाई स्वच्छ पानी प्रदान गरिरहेको भन्दै हिमालको प्रशंसासमेत गर्नुभएको थियो । यस्ता हिमनदी पग्लिएमा पानीको स्रोत सङ्कटमा पर्न सक्ने भन्दै उहाँले दिनुभएको अभिव्यक्तिले पनि यो वर्ष मुख्य चर्चा पायो ।

जलवायु सङ्कटका कारण लाखौँ मानिस बसाइँ सर्नुपर्ने अवस्था आउने र मानव जीवनमा पानी र जमिनका लागि ठूलो प्रतिस्पर्धा हुने खतरा रहेको उहाँ भनाइ थियो । यसैगरी, गुटेरेसले जलवायु परिवर्तनका कारण नेपाललाई अन्यायपूर्ण भएको बताउनुभएको थियो । संसद्मा सम्बोधन गर्ने क्रममा पनि नेपालले भोगेको जलवायु परिवर्तनको असरको चर्चा गरिरहँदा राजनीतिक स्तरमा नै जनचेतना जगाइरहेको थियो ।

सो अवसरमा प्रधानमन्त्री दाहालले पनि जलवायुसम्बन्धी मुद्दा खुलेरै उठान गर्नुभयो । "म यहाँ तीन करोड नेपालीको सन्देश बोकेर आएको छु, तापक्रम वृद्धिले हिमालय क्षेत्रलाई आक्रान्त पारिरहेको छ, हाम्रो हिमाल बचाउने सन्देश पनि लिएर आएको हुँ ।"

उहाँको त्यो प्रभावकारी सन्देशले पनि कोपमा नेपालको चर्चा बढाएको थियो । प्रधानमन्त्री दाहालले पनि जलवायु अनुकूलनका लागि नेपालले गरेका सकारात्मक पहलहरू सम्बन्धमा अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराउनुभएको थियो ।

गत मङ्सिरमा नेपालले जलवायु सम्मेलन आयोजना गरेको थियो । उक्त सम्मेलनमा स्पष्ट 'रोडम्याप' र रणनीतिसहित राष्ट्रिय अनुकूलन योजना कार्यान्वयन दिशानिर्देशहरू अनावरण भएको थियो ।

जलवायु परिवर्तनको डरलाग्दो सङ्कटका कारण जनता पहिरो, बाढी, वन डढेलो, खडेरीआदि जस्ता जलवायुजन्य प्रकोपको सामाना गरिरहेको भन्दै प्रधानमन्त्री दाहालले यो नेपालीका लागि सरासर अन्याय भएको र यो अब रोकिनुपर्नेमा जोड दिनुभएको थियो । उहाँले हिमालय मानवताको आधार भएको उल्लेख गर्दै अर्बौं मानिसलाई हिमालयले बचाएको उल्लेख गर्नुभयो ।

विगतमा वन तथा वातावरण मन्त्रालय र जलवायुविद्हरूको मात्रै मुद्दाका रूपमा हेरिएको जलवायुको मुद्दा आज सरकारप्रमुखदेखि नै अन्य अन्तरसरकारी निकायका प्रतिनिधिहरूको साझा एजेन्डा बन्दै गइरहेको छ । राजनीतिक दलको पनि चासो र चिन्ता बढ्दै गइरहेको छ । जसले गर्दा २०८० मा जलवायुको दृष्टिकोणले बढी चर्चामा आएको वर्ष रह्यो ।

हरेक वर्ष हुने कोप सम्मेलनमा नेपालले लगेको कतिपय मुद्दा कोपमा समाहित हुँदैन जब मुलुकको हितका निम्ति उठाइएका त्यस्ता एजेन्डाहरू समाहित गरिँदैन, प्रतिनिधिहरू

*बाँकी तीन पृष्ठमा*

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**छिन्नमस्ता गाउँपालिकाको कार्यालय, सखडा, सप्तरी**

विद्यार्थी भर्ना अभियान-२०८१
भव्यताका साथ सफल पारौं!
"सबै बालबालिकाको विद्यालयमा सहभागिता: गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"




जनहितका लागि जारि सन्देश
डाक्नेश्वरी नगरपालिकाको कार्यालय, पातो, सप्तरी

# जरिवाना तिर्न ट्राफिक कार्यालय जानुपर्ने बाध्यता हट्दै

काठमाडौँ ४ वैशाख (रासस)।

ट्राफिक नियम उल्लङ्घनबापत जरिवाना तिर्न सेवाग्राहीलाई ट्राफिक कार्यालयसम्म पुग्नुपर्ने बाध्यता विस्तारै हट्दै गएको छ। ट्राफिक प्रहरीले प्रविधियुक्त प्रणाली प्रयोगमा ल्याएसँगै अभिलेख सङ्कलन गरी कारबाही गर्न सहज भएको जनाएको छ।

ट्राफिक नियम उल्लङ्घन र ट्राफिक जरिवाना भुक्तानीसम्बन्धी प्रणाली प्रयोगमा आएपछि उक्त झन्झटबाट सेवाग्राही मुक्त हुँदै गएका काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेलले बताउनुभयो।

"उक्त प्रणालीमार्फत ट्राफिक प्रहरीले विभिन्न ट्राफिक नियम उल्लङ्घन गरेबापत जारी गर्ने चिट र कारबाहीको विवरण अभिलेखमा राख्दछ। कति जरिवाना तिर्नुपर्ने हो यस प्रणालीले स्वचालित रूपमा निर्धारण गर्छ। पटके कसूरको विवरण पनि यस प्रणालीले आफैँ हिसाब राख्नछ", उहाँले भन्नुभयो।

नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले भन्नुभयो, "नेपाल प्रहरी कार्ययोजना, २०८० ले व्यवस्था गरेको प्रविधिमैत्री सेवाको संस्थागत विकास गर्ने लक्ष्य अनुरूप आधुनिक प्रविधिको प्रयोगमार्फत प्रहरी सेवालाई थप चुस्त बनाउन उक्त प्रणाली महत्वपूर्ण बनेको छ।" उहाँका अनुसार हालसम्म ४५ जिल्लामा यो प्रणाली कार्यान्वयनमा आएको छ।

प्रणालीले ट्राफिक जरिवाना असूल गर्न र सेवाग्राहीलाई झन्झटमुक्त सेवा प्रदान गर्न सहजीकरण गर्ने अपेक्षा प्रहरीले गरेको छ। धेरै अघिदेखि सुरु गरिएको टिभिआरएस प्रणाली समयानुकूल परिमार्जन गर्दै आर्थिक वर्ष २०७६/७७ देखि हालको अवस्थामा काठमाडौँ उपत्यकामा उक्त प्रणाली सञ्चालनमा आएको हो।

आर्थिक वर्ष २०७६/७७ देखि हालसम्म ३१ लाख ४७ हजार नौ सय ५३ वटा ट्राफिक नियम उल्लङ्घनका घटना यस प्रणालीमा दर्ता भएका छन्। जसबाट कूल रु दुई अर्ब ३३ करोड दुई लाख २८ हजार नौ सय ६४ राजस्व सङ्कलन भएको प्रहरीले

***बाँकी अन्तिम पृष्ठमा***

## *वर्षान्त २०८०...*

निराशा भएर फर्किएका उदाहरण पनि विगतमा नभएका होइनन्।

कोपमा नेपालले उठाउने विषय नै जलवायु न्यायसम्बन्धी हुने गर्छ। नेपालजस्ता विकासोन्मुख मुलुकहरूले कार्बन उत्सर्जन गराउनका लागि नगण्य भूमिका खलिरहेका हुन्छन् तर जलवायु परिवर्तनका कारण हिमालको हिउँ पग्लिरहेको छ। यस्तै हुँदै जाने हो भने कालान्तारमा हाम्रा भावी पुस्तालाई हिमालमा हिउँ थियो भन्ने कुरा केवल एकादेशको कथा मात्रै लाग्न सक्छ। हिमाल बचाउन नेपालले थालेको पहल र अन्तर्राष्ट्रियस्तरमा गरिएको प्रयास प्रशंसनीय छ।

**कोपमा पहिलोपटक हिमालको मुद्दा**

डेढ दशकदेखि नेपालले हिमालको मुद्दा उठाउँदै आइरहेको थियो। निरन्तर रूपमा उठाएका मुद्दा कोपमा समावेश होला भन्ने आशा हुन्थ्यो तर हिमालका 'एजेन्डा'ले कुनै प्राथमिकता नै पाउन सक्दैनथ्यो। जलवायु परिवर्तनका कारण हिमालमा हिउँ नै बाँकी नरहने भयो। अब सबै हिमाल कालापत्थरमा परिणत हुने हो कि भन्ने चिन्ता र चासो उत्तिकै रहेको छ सरोकारवालहरूमा।

सन् २००९ मा डेनमार्कको कोपनहेगनमा सम्पन्न भएको १५औँ कोपमा भाग दिन तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्वमा नेपाली प्रतिनिधि टोली सहभागी भएको थियो। त्यसबेलादेखि नै नेपालले हिमालको मुद्दालाई प्राथमिकता दिएर मुख्य एजेन्डास्वरुप कोपमा लिएर जाने गरेको थियो।

पहिलोपटक जलवायुले हिमालमा पारेका असर कोप-२८ निर्णयका दस्तावेजमा समावेश गरिएसँगै नेपालका लागि यो महत्वपूर्ण र ऐतिहासिक निर्णय भएको टिपपणी गर्नुहुन्छ, जलवायुविद् मञ्जित ढकाल। यसले वर्षौंदेखि सफल हुन नसकेको नेपालको लक्ष्य पूरा भएको छ। हिमालको एजेन्डाले पाएको प्रथामिकतासँगै चर्चा पनि पायो।

**मुख्य उपलब्धिहरू**

वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन माहाशाखा प्रमुख डा बुद्धिसागर पौडेल जलवायु परिवर्तनको क्षेत्रमा २०८० उपलब्धिमूलक रहेको बताउनुहुन्छ। युएन महासचिवको नेपाल भ्रमण, कोपमा उपस्थित हुनुअघि नेपालले गरेर पूर्वतयारी, कोपमा प्रस्तुत एजेन्डा, पर्वतीय क्षेत्रका मुद्दा समावेश हुनुले यस वर्ष जलवायु परिवर्तनको मुद्दाले चर्चा पाउनु नै उपलब्धिमूलक रहेको उहाँको बुझाइ छ।

जलवायुविद् डा धर्मराज उप्रेतीले पनि कोपमा भएको सहमति नै २०८० को अर्को महत्वपूर्ण उपलब्धि रहेको बताउनुभयो। "त्यो भनेको अब पृथ्वीलाई बचाउन विश्व समुदायले गर्नुपर्ने कामहरू के-के हुन् ? जलवायु परिवर्तनका कारण पहिचान गर्न, जैविक ऊर्जाको प्रयोगलाई कसरी घटाउँदै लैजाने भन्ने महत्वपूर्ण निर्णय भएको छ। सबै खालको जैविक ऊर्जा, तेल, ग्यास र कोइला तीनै खालका जैविक ऊर्जा घटाउनका लागि र हटाउँदै लैजाने सहमति महत्वपूर्ण छन्," उहाँले भन्नुभयो।

उहाँका अनुसार सो सहमति कार्यान्वयनले पृथ्वीको तापक्रम एक दशमलव पाँच डिग्री सेल्सियस बढ्न नदिने प्रतिबद्धता कार्यान्वयनमा यसले भूमिका खेल्नेछ। जलवायु परिवर्तनका कारण पर्वतीय पारिस्थितिकीय प्रणाली बढी जोखिममा छ। पर्वतीय क्षेत्रको मुद्दालाई पनि यसपालिको जलवायु सम्मेलनले समेटेपछि नेपालमा यस विषयमा संवाद आयोजनाको निण्यर्सय पनि २०८० मै भएको थियो। यो पनि अर्को महत्वपूर्ण उपलब्धि भएको उप्रेतीको भनाइ छ।

२०८० मा नै जलवायुको विधेयक मस्यौदाका रूपमा संसद्मा पेस भएको छ। पूर्वसूचना प्रणालीलाई समेत समेट्ने गरी ऐन ल्याउने निर्णय पनि २०८० मा नै भएको छ। सबैका लागि पूर्वसूचना प्रणालीमा नेपाल छानिएको छ। नेपाल छानिनुमा नेपालका लागि सुखद पक्ष हो।

विपत्का तथ्याङ्क बुझ्ने पूर्वाधार नेपालमा आउँदै छ। विश्व मौसम सङ्गठनले नेपाललाई पहिलो स्थानमा राखेको छ जसले गर्दा हाम्रो हिमाली क्षेत्रमा जलवायुको असर, यसले पारिस्थितिकीय प्रणालीमा पुऱ्याएको असर कस्तो छ ? जैविक विविधमा पुगेको असर न्यूनीकरणमा सहयोग पुग्ने छ।

सन् २०२७ सम्म सबैका लागि पूर्वसूचना भन्ने योजना तय हुनु २०८० को महत्वपूर्ण उपलब्धि भएको जानकारको बुझाइ छ तर कार्यान्वयनको पक्ष फितलो रहेको भन्दै विज्ञहरूको गुनासो छ। जलवायु वित्तको प्रभावकारी रूपमा परिचालन हुनुपर्नेमा विज्ञहरू सुझाव रहेको छ।

**पर्वतीय क्षेत्र र जलवायुसम्बन्धी संवाद हुँदै**

जलवायु परिवर्तनको असरका कारणले पर्वतीय क्षेत्रको पारिस्थितिकीय प्रणाली, जनजीवन र जैविक विविधतामा परिरहेको नकारात्मक असरबारे नेपालले सन् २००९ देखि नै जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलनलगायत अन्तर्राष्ट्रिय मञ्चहरूमा आवाज उठाउँदै आइरहेको छ।

यसै सन्दर्भमा गत कोप २८ ले पहिलोपटक पर्वतीय क्षेत्रमा परेको जलवायु सङ्कटबारे निर्णय लिँदै आगामी जुनमा हुने संयुक्त राष्ट्रसङ्घीय प्रारुप महासन्धि ( युएनएफसिसिसी) अन्तर्गतको वैज्ञानिक र प्राविधिक सल्लाहकारका लागि सहायक निकाय (एसबिएसटिए) को ६०औँ बैठकमा पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी विज्ञ संवाद आयोजना एसबिएसटिएलाई निर्देशन दिने निर्णय वन तथा वातावरण मन्त्रालयको भएको छ।

यसै सन्दर्भमा पर्वतीय क्षेत्रको मुद्दामा सबै पर्वलस्तीय राष्ट्रहरूको समान धारणा कायम गरी आगामी दिनहरूमा सोसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहललाई थप प्रभावकारी बनाउन अगामी मे २२ र २३ मा नेपाललगायत अन्न पर्वतीय मुलुकका प्रतिनिधि, विषय विज्ञ एवं साझेदार संस्थाहरू सम्मिलित पर्वतीय क्षेत्र, मानिस र जलवायु परिवर्तनसम्बन्धी विज्ञ संवादको आयोजना गर्न लागिएको वन तथा वातावरण मन्त्रालयका सहसचिव डा महेश्वर ढकालको भनाइ छ।






## विश्व समाचार

### इजराइल आक्रमणपछि इरानद्वारा आणविक केन्द्र बन्द

संयुक्त राष्ट्रसङ्घ, ४ वैशाख (रासस/एएफपी)।

इरानले सप्ताहन्त्तमा इजराइलमाथि ठूलो मात्रामा ड्रोन र मिसाइल हमला गरेपछि 'सुरक्षाका कारण' आफ्नो आणविक केन्द्रहरू अस्थायीरूपमा बन्द गरेको संयुक्त राष्ट्रसङ्घको आणविक निगरानी संस्थाका प्रमुखले सोमबार बताउनुभएको छ। राष्ट्रसङ्घीय सुरक्षा परिषद्को बैठकका क्रममा पत्रकारहरूहरूले अन्तर्राष्ट्रिय आणविक ऊर्जा ऐन्सी (आइएइए) का प्रमुख राफेल ग्रोसीलाई आक्रमाणको प्रतिशोधमा इरानी आणविक केन्द्रहरूमा इजराइली आक्रमणको सम्भावनाप्रति चिन्तित हुनुहुन्छ भनी प्रश्न गरेका थिए।

"हामी सधैँ यसको सम्भावनाको बारेमा चिन्तित छौँ, म के भन्न सक्छु भने इरानमा आणविक केन्द्रहरूको निरीक्षण गरिरहेका हाम्रा निरीक्षकहरूलाई इरान सरकारले हिजो आइतबार सुरक्षाका कारण सबै आणविक केन्द्र बन्द रहनेछ भनेर जानकारी गराएको छ", उहाँले भन्नुभयो। उहाँका अनुसार सोमबार आणविक केन्द्रहरू पुनः खुल्नुपर्ने थियो तर निरीक्षकहरू अर्को दिनसम्म फर्कने छैनन्। 'अत्यधिक संयमता' अपनाउन आग्रह गर्दै उहाँले भन्नुभयो, "स्थिति पूर्ण शान्त नभएसम्म मैले निरीक्षकहरूलाई फर्कन नदिने निर्णय गरेँ।"

दमास्कसमा आफ्नो वाणिज्य दूतावासको भवनमा भएको हवाई आक्रमणको जवाफमा इरानले आइतबार राति इजराइलमाथि तीन सयभन्दा धेरै ड्रोन र मिसाइल प्रहार गरेको थियो। दमास्कसमा भएको इजराइली आक्रमणमा इरानका दुई जनरलसहित रिभोल्युसनरी गार्डका सात सदस्य मारिएका थिए। इजराइल र उसका सहयोगीहरूले इरानका अधिकांश हतियारलाई खसाएको थियो र इरानी आक्रमणमा सामान्य क्षति भएको थियो तर सम्भावित इजराइली प्रतिशोधका बारेको चिन्ताहरूले पुनः क्षेत्रीय युद्धको डर उत्पन्न गरेको छ। इजराइलले पहिला पनि यस क्षेत्रमा आणविक स्थलहरू विरुद्ध कारबाही गरिसकेको छ।

सन् १९८१ मा वासिङ्टनले विरोध गरे पनि इजराइलले सद्दाम हुसेनको इराकमा ओसिरिक आणविक रिएक्टरमा बम हमला गरेको थियो। साथै उसले सन् २०१८ मा ११ वर्षअघि सिरियामा एउटा रिएक्टरविरुद्ध उच्चस्तरको गोप्य हवाई हमला सुरु गरेको स्वीकार गरेको थियो। तेहरानले इजराइलमाथि सन् २०१० मा दुई इरानी आणविक भौतिकविद्को हत्या गरेको र गत वर्ष एउटा अर्को अपहरण गरेको आरोप लगाएको छ। यसका साथै सन् २०१० मा स्टक्सनेट भाइरसको प्रयोगमार्फत परिष्कृत साइबर हमलाका कारण युरेनियम संवर्धनका लागि प्रयोग गरिने इरानी सेन्ट्रिफ्युजमा शृङ्खलाबद्ध तरिकाले खराबी आएको थियो। तेहरानले यसका लागि इजराइल र संयुक्त राज्य अमेरिकालाई दोष दिएको थियो। इजराइलले इरानमाथि आणविक बम हासिल गर्न चाहेको आरोप लगाएको छ। इरानले उक्त आरोपलाई अस्वीकार गरेको छ।

### मंगोलियाको जंगलमा आगलागी हुँदा ७० हजार हेक्टरभन्दा बढी जमिन नष्ट

उलानबटोर (मङ्गोलिया), ४ वैशाख (रासस/सिन्ह्वा)।

यस वर्षको सुरुदेखि मङ्गोलियामा २९ वटा वन तथा घाँसे मैदान क्षेत्रमा आगलागी भएको समाचार छ। आगलागीबाट ७० हजार एक सय ७२ वन तथा घाँसे मैदान नष्ट भएको मङ्गोलियाको राष्ट्रिय आपत्कालीन व्यवस्थापन एजेन्सी (नेमा) ले मङ्गलबार जनाएको छ। एजेन्सीका अनुसार जनताको लापरवाही नै जङ्गली आगोको प्रमुख कारण थियो। वसन्त ऋतुको हावाहुरी र सुक्खा अवस्थाको बीचमा जनतालाई खुला आगो नलगाउन वा चुरोटको ठुटाहरू ननिभाई जमिनमा नफ्याँक्न नेमाले आग्रह गरेको छ। मङ्गोलियामा कठोर प्रकृतिको महाद्वीपीय जलवायु भएकाले यसको मौसम सामान्यतया वसन्त ऋतुको समयमा सुक्खा र हावाहुरी चल्ने खालको हुन्छ।

### काश्मिरमा डृङ्गा डुब्दा छको मृत्यु, कयौँ बेपत्ता

नयाँदिल्ली, ४ वैशाख (रासस/सिन्ह्वा)।

काश्मिरमा मङ्गलबार डुङ्गा पल्टिँदा डुङ्गामा सवार चारजना स्कुले बालबालिकासहित कम्तीमा छ जनाको मृत्यु हुनुका साथै अन्य धेरै बेपत्ता भएको अधिकारीहरूले बताएका छन्। अधिकारीहरूका अनुसार काश्मिरको ग्रीष्मकालीन राजधानी श्रीनगरको बाहिरी भागमा रहेको झेलम नदीमा २० जनाभन्दा बढी मानिस बोकेको डुङ्गा दुर्घटना ग्रस्त भई पल्टिएको थियो। एक प्रहरी अधिकारीका अनुसार मंगलबार बिहान गान्दबल क्षेत्रको झेलम नदीमा उक्त डुङ्गा पल्टिँदा नदी पार गर्न प्रयोग गरिएको डोरी अचानक खसेको थियो। दुर्घटनामा परी छ जनाको मृत्यु भएको छ भने अन्य धेरै बेपत्ता भएका छन्।

दुर्घटनामा परी बाँच्न सफल भएका केही व्यक्तिहरूको उद्धारपछि अस्पतालमा उपचार भइरहेको छ। दुर्घटनापछि स्थानीयले अधिकारीहरूलाई सूचना गरेपछि बेपत्ताहरूको खोजी गर्न प्रहरी र विपद् प्रतिक्रिया बलका कर्मचारीहरूको उद्धार टोली पठाइएको थियो। केही स्थानीय मिडिया रिपोर्टहरूले बेपत्ता हुनेहरूको सङ्ख्या १० जना भन्दा माथि रहेको जनाएका छन्। पछिल्ला केही दिनदेखि यस क्षेत्रमा परेको भारी वर्षाले गर्दा नदीको जलस्तर बढेको छ।

# प्रदेश प्रमुखको निर्णयविरुद्ध लक्ष्मण किशोर चौधरी अदालत जाने

**दैनिक समाचारदाता**
**धनगढी, ४ वैशाख ।**

मुख्यमन्त्रीमा दाबी पेश गरेका लक्ष्मण किशोर चौधरीले प्रदेश प्रमुखको निर्णयविरुद्ध अदालत जाने बताएका छन् । प्रदेश प्रमुख नाजिर मियाँले दाबीलाई रद्द गरेपछि न्यायको लागि अदालत जाने चौधरीले बताएका हुन् ।

मंगलबार आयोजित पत्रकार सम्मेलनमा चौधरीले प्रदेश प्रमुखले कानुनविपरीत सरकार निर्माणको समय लम्ब्याएको प्रति पनि आपत्ति जनाए । उनले भने, 'त्यसको नैतिक जिम्मेवारी उहाँले लिनुपर्छ ।'

सुदूरपश्चिमका प्रदेश प्रमुख मियाँले मुख्यमन्त्रीका लागि परेका दुवै दाबी अस्वीकृत गरेका छन् । सुदूरपश्चिमको मुख्यमन्त्रीमा आइतबार नागरिक उन्मुक्ति पार्टीको रेशम चौधरी पक्षका लक्ष्मण किशोर चौधरीले नेपाली कांग्रेस र समर्थनमा र नाउपाकै रञ्जिता चौधरी पक्षका कैलाश चौधरीले मुख्यमन्त्रीमा दाबी पेस गरेका थिए ।

प्रदेश प्रमुख नजिर मियाले दुवै जनाको दाबी नपुगेको भन्दै पुनः दुई दिन समय दिएर फेरि दाबी पेस गर्न दलहरूलाई आह्वान गरेका हुन् ।

### १५ महिनामा ...

विश्वासको मत लिने कुरा बिडम्वना र नेपालको आफ्नो विशेषता भएको पनि बताए ।

उनले भने, 'अहिले तेस्रो पटक विश्वासको मत लिएँ केही समयअघि डेढ वर्ष पनि भएको छैन । १५ महिना भित्र लिएँ । तीन पटक विश्वासको मत १५ महिना भित्र लिने अवस्था सिर्जना हुन एउटा बिडम्वना पनि भन्न सकिन्छ । अर्को आफ्नो विशेषता पनि भन्न सकिन्छ ।'

उनले कोही एउटा शक्तिले आफू पूर्ण रुपमा राजनीतिक प्रक्रियाबाट अलग र आइसोलेट भएको महशुस नगराउन कांग्रेसलाई राष्ट्रपति दिएको उल्लेख गरे ।

उनले राष्ट्रिय शक्तिको वातावरण नबिगार्न आफूले सबै शक्तिलाई मिलाएर अघि बढाएको बताए । उनले तीन पटक विश्वासको मत लिए पनि प्रधानमन्त्री एउटै भएकाले सरकार निरन्तरतामै भएको उल्लेख गरे । उनले सरकारको पुनःगठन भइ रहने बताए ।

प्रधानमन्त्री दाहालले सुरक्षा, न्याय र विकासका तीन वटै क्षेत्रलाई सुधार गर्न शासकीय सुधारका प्रयासहरु जरुरी ठानेर नै सरकारले संरचनागत सुधारमा जोड दिँदै आएको बताए । उनले शको समग्र विकास, नागरिकको हित अभिवृद्धि र सुशासन कायम गर्न भ्रष्टाचार नियन्त्रण अपरिहार्य रहेको बताए ।

उनले भ्रष्टाचार नियन्त्रणमा संलग्न निकायलाई कानून, जनशक्ति, श्रोत र साधनसहित अधिकार सम्पन्न बनाइ भ्रष्टाचार नियन्त्रण र सदाचार प्रत्याभुति गर्ने, भ्रष्टाचारसँग जोडिएका विषयको छानबिन र अनुसन्धान गरी कुनैपनि कालखण्डमा भएका भ्रष्टाचार र जो कोही भ्रष्टाचारीमाथी कानूनी कारबाही अघि बढाउन सरकार प्रतिवद्ध रहेको बताए ।



प्रधानमन्त्री दाहालले कानूनको सफल कार्यान्वयनबाट मात्रै देशमा सुशासनको प्रत्याभुति गर्न सकिने बताए ।

मुलुकको समग्र विकास, नागरिकको हित अभिवृद्धि र सुशासन कायम गर्न भ्रष्टाचार नियन्त्रण अपरिहार्य रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भ्रष्टाचार नियन्त्रणमा संलग्न निकायलाई कानून, जनशक्ति, स्रोत र साधनसहित अधिकार सम्पन्न बनाई सदाचार प्रत्याभुति गर्ने अवस्था सिर्जना गरिने बताएको एबिसी न्युजले जनाएको छ ।

### जरिवाना तिर्न...

जनाएको छ । प्रणाली सञ्चालनसँगै सर्वसाधारणले ट्राफिक जरिवाना पारदर्शी रूपमा सहजै तिर्न पाएका छन् ।

टिभिआरएस प्रणालीको विकास र अनुगमन नेपाल प्रहरी प्रधान कार्यालय सूचना प्रविधि निर्देशनालयले गर्दै आएको छ । निर्देशनालयका प्रमुख प्रहरी नायब महानिरीक्षक अरूणकुमार भण्डारीले सेवाग्राहीको सहजताका लागि यो प्रणालीको विकास गरिएको भन्दै यसको सफ्टवयरले ट्राफिक नियम उल्लङघन गर्नेको नाम, सवारी साधनको नम्बर र कसूरको प्रकार ट्र्याक राख्ने जानकारी दिनुभयो ।

ट्राफिक प्रहरीले सवारी तथा यातायात व्यवस्था नियमावली अनुसार विभिन्न नियम उल्लङ्घन गर्ने व्यक्तिलाई जरिवाना तथा कारबाही गर्छ । कारबाहीमा परेका व्यक्तिको चिट नम्बर र लाइसेन्स नम्बर, ब्ल्यु बुक, नाम र अन्य विवरण इन्ट्री गरिन्छ । कारबाहीमा परेका व्यक्तिले अनलाइनमार्फत वा सम्बन्धित राजस्व खाता भएको बैंकको शाखामा गई जरिवाना बापतको राजस्व रकम भुक्तान गर्न सक्नेछन् ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठले यस प्रणालीले ट्राफिक कारबाही गर्न पटके हो वा होइन हेर्न सजिलो बनाएको बताउनुभयो । उहाँका अनुसार सेवाग्राहीलाई पनि आफ्नो अभिलेख कहाँ छ र कसरी लिने भन्ने सजिलै थाहा पाउन सकिने बनाएको छ ।

### लोसपा मधेश...

तथा वातावरणमन्त्री रमेशप्रसाद कुर्मीले राजीनामा दिएका छन् । लोसपाले आफ्ना ९ जना सांसद रहे पनि जम्मा एउटा मात्रै मन्त्रालय दिएको भन्दै केही समयदेखि सरकारबाट बाहिरिने चेतावनी दिइरहेको थियो ।

जनमत पार्टीले रोस्टम घेराउ गरेपछि मधेश प्रदेशसभाको मंगलबारको बैठक स्थगित भएको छ । आफ्ना मन्त्री र सांसदमाथि मुख्यमन्त्री सरोजकुमार यादवकै उपस्थितिमा गत माघ ८ गते राजविराजमा भएको सांघातिक हमलाको संसदीय छानबिन समिति बनाउन माग गर्दै रोस्ट्रम घेराउ गरेपछि प्रदेशसभाको बैठक स्थगित भएको हो ।

मुख्यमन्त्री सरोजकुमार यादवले चौथो पटक विश्वासको मत लिन मंगलबार प्रदेशसभाको बैठक बोलाइएको थियो ।

# कार्यान्वयनमुखी बजेट ल्याउन विज्ञहरुको सुझाव

काठमाडौँ, ४ वैशाख (रासस) ।

विज्ञहरुले आगामी आर्थिक वर्षका लागि कार्यान्वयनमुखी बजेट ल्याउन सुझाव दिएका छन् ।

राष्ट्रियसभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिको मंगलबार सिंहदरबारमा भएको बैठकमा विज्ञहरुले सामाजिक क्षेत्रको विकास र सामाजिक न्यायमा आधारित भई लैङ्गिक उत्तरदायी बजेट ल्याउनुपर्नेमा जोड दिएका हुन् ।

आव २०८१/८२ को सम्बन्धमा पूर्वबजेट छलफलमा विज्ञहरुको सुझाव लिइएको थियो । उहाँहरुले दिगो कृषि विकास, ऊर्जा, पर्यटन क्षेत्रको विकासका साथै वातावरणमैत्री बजेट ल्याउन समितिमार्फत सरकारलाई सुझाव दिनुभएको हो ।

अर्थविद् डा गोविन्द नेपालले ठूलो बजेट ल्याउने र कार्यान्वयनमुखी नहुदाँ वित्तीय असन्तुलन बढेको भन्दै कार्यान्वयनमुखी बजेट ल्याइनुपर्ने खाँचो औँल्याउनुभयो । उहाँले कृषि आधुनिकीकरण, सूचना प्रविधि, ऊर्जा, पर्यटनलगायतका विषयलाई प्राथमिकतामा राखेर बजेट ल्याउन सुझाव दिनुभयो ।

डा नेपालले सार्वजनिक खर्चको वित्तीय असन्तुलन न्यूनीकरण गर्न सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदन पूर्णरुपमा कार्यान्वयन गरेर बजेट ल्याइनुपर्ने धारणा राख्नुभयो ।

काठमाडौँ विश्वविद्यालयका रजिष्ट्रार प्रा डा अच्युत वाग्लेले नेपालको अर्थतन्त्रको संरचनालाई वातावरणमैत्री बनाउन जरुरी भएको उल्लेख गर्नुभयो । उहाँले बजेटमा दिगो कृषिको विकास, दिगो उत्पादन र वातावरणमैत्री विषयलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

सामाजिक अभियन्ता एवं विज्ञ भारती सिलवाल गिरीले लैङ्गिक समानता र महिला सशक्तीकरणका मुद्दालाई आगामी बजेटले समेट्नुपर्ने सुझाउनुभयो । "लैङ्गिकमैत्री बजेट ल्याइनुपर्छ, यसले सामाजिक न्यायसहितको सुशासन प्रवर्द्धन हुने भएकाले सरकारलाई पनि सहयोग पुग्छ", उहाँले भन्नुभयो ।

बैठकमा राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेले विज्ञहरुको राय सुझावले आगामी बजेटलाई समृद्ध बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो । समितिका सभापति कमलादेवी पन्तले आगामी बजेट महिलामैत्री, वातावरणमैत्री, सुशासनमैत्री तथा सामाजिक न्यायमा आधारित दलित, पिछडिएका, सीमान्तकृत समुदायलाई सम्बोधन गर्ने हुनुपर्ने धारणा राख्नुभयो ।

समितिका सचिव डा रोजनाथ पाण्डेले विज्ञहरुबाट आएका राय सुझावको मस्यौदालाई समितिले पारित गरेर अर्थमन्त्रालयमा पठाउने जानकारी दिनुभयो ।

बैठकमा सांसद घनश्याम रिजाल, झक्कुप्रसाद सुवेदी, उर्मिला अर्याल, तारामान स्वार, तुलप्रसाद विश्वकर्मा, भुवनबहादुर सुनार, सावित्री मल्ललगायतले विज्ञको सुझाव समितिका लागि महत्वपूर्ण रहेको र यसलाई बजेटमा समावेश गर्न समितिले पहल गर्नुपर्नेमा जोड दिए ।

विद्यार्थी भर्ना अभियान-२०८१
भव्यताका साथ सफल पारौं!
"सबै बालबालिकाको विद्यालयमा सहभागिता: गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"


जनहितका लागि जारि सन्देश
महादेवा गाउँपालिकाको कार्यालय, सप्तरी

विद्यार्थी भर्ना अभियान-२०८१
भव्यताका साथ सफल पारौं!
"सबै बालबालिकाको विद्यालयमा सहभागिता: गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"


जनहितका लागि जारि सन्देश
शम्भुनाथ नगरपालिकाको कार्यालय, कठौना, सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*